# प्रेस विज्ञप्ति

पत्रकार मित्रहरु,

नेपाल विद्युत प्राधिकरण र चिलिमे जलविद्युत कम्पनी लि.को मुख्य प्रबर्धकत्वसहित स्थानीय ४ कम्पनीहरु (सिन्धुपाल्चोक हाइड्रोपावर कम्पनी लि., नेपाल अरनिको हाइड्रोपावर लि., सिन्धु इन्भेष्टमेन्ट कम्पनी प्रा. लि., सिन्धु भोटेकोशी हाइड्रोपावर लि.) को १/१% संस्थापक शेयर लगानीमा स्थापित यस मध्य भोटेकोशी जलविद्युत कम्पनीले सर्वसाधारण शेयरधनी समूहअन्तर्गत यस कम्पनीको प्रबन्धपत्रको दफा ६ मा व्यवस्था गरिएको आयोजना प्रभावित सिन्धुपाल्चोक जिल्लाका स्थानीय बासिन्दा तथा सर्वसाधारणलाई शेयर निष्काशन गर्न लागेको विषयमा जानकारी दिन आयोजना गरिएको यस पत्रकार सम्मेलनमा तपाईहरु सबैलाई हार्दिक स्वागत छ।

मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.ले सिन्धुपाल्चोक जिल्लामा **१०२ मेगावाट** क्षमताको मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माण गरिरहेको छ। **कम्पनीको अधिकृत पूँजी रु.६ अर्ब २१ करोड रहेको छ भने जारी पूँजी रु.६अर्ब तथा चुक्ता पूँजी रु.४ अर्ब ५० करोड रहेको छ। निर्माणाधीन यस आयोजनाको अद्यावधिक लागत अनुमान निर्माण अवधिको ब्याज बाहेक रु.१५ अर्ब ३ करोड २ लाख ९० हजार रुपैयाँ र निर्माण अवधिको ब्याजसहित रु.१६ अर्ब ९७ करोड ३२ लाख १८ हजार रहेको छ। कम्पनीको प्रक्षेपीत वित्तीय विवरण अनुसार निर्माण अवधिको ब्याजसहित प्रति मेगावाट लागत रु.१६,६४,०४,१०१।– रहेको छ भने साधारण लगानी फिर्ता हुने अवधि (Pay Back Period) ७.७० वर्ष रहेको छ । यस आयोजनाको इजाजतपत्र वहाल रहने अवधि मिति २०७०।०८।१८ देखि २१०५।०८।१७ सम्म जम्मा ३५ वर्ष रहेकोमा हाल २७ वर्ष ७ महिना बाँकी रहेको छ।**

मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माण कार्यको लागि पूँजी जुटाउन प्रारम्भिक रुपमा चिलिमे जलविद्युत कम्पनी लि.ले तयार गरेको लागत अनुमान रकम रु.१२ अर्ब २८ करोड ३३ लाखको आधारमा सो को आधा रकम (अर्थात रु.छ अर्ब १४ करोड १६ लाख ५० हजार) ऋण लिने दिनेगरी यस कम्पनी, चिलिमे जलविद्युत कम्पनी लि. र कर्मचारी सञ्चयकोष बीच मिति २०६८ मंसिर २२ गते त्रिपक्षीय ऋण संझौता भएको थियो।

आयोजना निर्माणको क्रममा बिभिन्न प्राकृतिक प्रकोप लगायतका कारणहरुले आयोजना निर्माण अवधि थप गरिए अनुरुप उक्त ऋण संझौताको अवधि पनि थप गर्न कर्मचारी सञ्चयकोष, चिलिमे जलविद्युत कम्पनी र मध्य भोटेकोशी जलविद्युत कम्पनी लि। बीच दिर्घकालिन कर्जा लिने दिने सम्बन्धमा मिति २०६८ मंसिर २२ गतेको त्रिपक्षीय ऋण संझौतामा संशोधन गर्न मिति २०७७ साउन १४ मा भएको पुरक ऋण संझौता बमोजिम साविकको ऋण रकमलाई दिर्घकालिन कर्जा–१ नामांकन गरी आयोजनाको संशोधित लागतअनुसार आवश्यक पर्ने थप कर्जा रकम रु.२ अर्ब ७४ करोड ६९ लाख ९० हजारलाई दिर्घकालिन कर्जा–२ को सिमा कायम गरी कुल रु. ८ अर्ब ८८ करोड ८६ लाख ४० हजार रकम बराबरको दिर्घकालिन कर्जाको व्यवस्थाको लागि ऋण सम्झौता सम्पन्न भएको छ।

उक्त ऋण सम्झौता बमोजिम कोषबाट प्रवाह हुने दीर्घकालीन कर्जाको साँवा, ब्याज, हर्जाना, शुल्क र अन्य खर्चसमेतको सम्पूर्ण रकम तिर्ने अवधि अधिकतम १० (दश) बर्षको निर्माण अवधिसहित अधिकतम २० (बीस) बर्षको कायम भएको र कर्जाको अवधि कर्जा प्रवाह (Mobilization Advance समेत) शुरु भएको मितिबाट गणना हुने व्यवस्था गरिएको छ । निर्माण अवधि पश्चात कर्जाको प्रथम किस्ता प्रारम्भ भएको मितिबाट दीर्घकालीन कर्जा–१ को हकमा १० (दश) बर्ष र दीर्घकालीन कर्जा–२ को हकमा अधिकतम ५ (पाँच) बर्ष कायम भएको छ । यसरी हाल आयोजना निर्माणका लागि आवश्यक पर्ने स्वपूँजी र ऋण पूँजीको अनुपात ४१:५९ रहेको छ।

**कम्पनीको जारी पूँजीको ५१ प्रतिशत शेयर स्वामित्व संस्थापक शेयरधनीहरु (श्री नेपाल विद्युत प्राधिकरण–१०%, चिलिमे जलविद्युत कम्पनी लिमिटेड–३७%, सिन्धुपाल्चोक हाइड्रोपावर कं. लि.–१%, नेपाल अरनिको हाइड्रोपावर कम्पनी लि.–१%, सिन्धु इन्भेष्टमेण्ट कम्पनी प्रा.लि.–१% र सिन्धु भोटेकोशी हाइड्रोपावर लि.–१%) रहेको छ भने ४९% सर्वसाधारण शेयरधनी समुह (कर्मचारी सञ्चय कोषका सञ्चयकर्ता कर्मचारी– १९.५%, संस्थापक संगठित संस्थाका कर्मचारी– ३.५%, ऋणदाता संस्थाका कर्मचारी–१%, सिन्धुपाल्चोक जिल्लाका स्थानीय– १०% र सर्वसाधारण–१५%) का लागि छुट्याइएको छ।**

**यसरी सर्वसाधारण समुहका लागि छुट्याइएको शेयरको निष्काशन तथा विक्री वितरण गर्न ग्लोबल आई.एम.ई. क्यापिल लि.लाई निष्काशन तथा बिक्री प्रबन्धक र प्रभु क्यापिटल लि., एनआईबिएल एस. क्यापिटल लि., लक्ष्मी क्यापिटल मार्केट लि., सिभिल क्यापिटल मार्केट लि., सानिमा क्यापिटल लि. र सिबिआएल क्यापिटल लि.लाई सह–निष्काशन तथा विक्री प्रबन्धकमा मिति २०७४।०१।२१ मा सम्झौता गरी नियुक्ति गरिएको थियो।**

कम्पनीले आयोजना निर्माणको लागि आवश्यक पूँजी व्यवस्थापनको निम्त्ति प्रबन्धपत्रमा व्यवस्था भएअनुसार संस्थापक शेयर धनी संस्थालाई कुल जारी शेयर पूँजीबाट छुट्टाइएको ५१% ले हुन आउने ३ करोड ६ लाख कित्ता शेयर बापत रु.३ अर्ब ६ करोड रकम आ.ब. २०७४।७५ सम्ममा शत प्रतिशत असुल भई साधारण शेयर तर्फ छुट्टाइएको ४९% मध्ये प्रथम चरणमा कर्मचारी सञ्चयकोषमा सञ्चय गर्ने सञ्चयकर्ता कर्मचारीहरु, संस्थापक शेयरधनी संस्थाका कर्मचारीहरु तथा ऋणदाता संस्था (कर्मचारी संचयकोष)का कर्मचारीहरुको लागि कुल जारी पूँजीको २४% ले हुन आउने १ करोड ४४ लाख कित्ता शेयर आ.व. २०७५।७६ मा निष्काशन गरी उक्त शेयर बापत रु.१ अर्ब ४४ करोड रकम संकलन भइसकेको। उक्त प्रथम चरणको शेयर निष्काशनबाट १४८,८२९ जना साधारण शेयरधनी कायम भएको छ।

तसर्थ, हाल **द्वितीय चरणमा रु.१०० अंकित दरका १ करोड ५० लाख कित्ता साधारण शेयरको सार्वजनिक निष्काशन गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०७८।०१।०५ मा विवरणपत्र स्वीकृत भएको छ । जसमा सिन्धुपाल्चोक जिल्लाका बासिन्दाको लागि कुल जारी पूँजी रु.६ अर्बको १०% अर्थात् रु.६० करोड बराबरको ६० लाख कित्ता निष्काशन गर्न लागिएको छ जस मध्ये सिन्धुपाल्चोक जिल्लाको आयोजना प्रभावित क्षेत्र भोटेकोशी गाउँपालिका वडा नं. १ र ५ (साविक लिस्ती गा.वि.स. र साविक मार्मिङ गा.वि.स.), बाह्रबिसे नगरपालिका वडा नं. ५ र ६ (साविक गाती गा.वि.स.) तथा बाह्रबिसे नगरपालिका वडा नं. ७ र ८ (साविक घुम्थाङ्ग गा.वि.स. र साविक मानेश्वरा गा.वि.स.) मा स्थायी बसोबास गर्ने बासिन्दाहरुको लागि ३०% ले हुन आउने १८ लाख कित्ता साधारण शेयर र माथि उल्लेखित आयोजनाबाट प्रभावित क्षेत्र बाहेक सिन्धुपाल्चोक जिल्लाका अन्य क्षेत्रमा स्थायी बसोबास गर्ने बासिन्दाहरुको लागि ७०% ले हुन आउने ४२ लाख कित्ता साधारण शेयर निष्काशन गर्न लागिएको हो।**

यसैगरी जारी पूंजी रु.६ अर्बको १५% प्रतिशत अर्थात रु.९० करोड बराबरको ९० लाख कित्ता साधारण शेयरहरु मध्ये ३ लाख ६० हजार कित्ता अर्थात सर्वसाधारणमा निष्काशन हुने शेयरको ४% शेयर कम्पनीका कर्मचारीहरुलाई र ४ लाख ५० हजार कित्ता अर्थात सर्वसाधारणमा निष्कासन हुने शेयरको ५% शेयर सामूहिक लगानी

कोषको लागि सुरक्षित गरिएको र बाँकी ८१ लाख ९० हजार कित्ता साधारण शेयर सर्वसाधारणमा सार्वजनिक निष्काशन गरिएको छ।

यस द्वितीय चरणअन्तर्गत प्रथम सह-चरणमा सिन्धुपाल्चोक जिल्लाको आयोजना प्रभावित स्थानीय बासिन्दा तथा सिन्धुपाल्चोक जिल्लाका अन्य क्षेत्रका बासिन्दाको लागि सार्वजनिक निष्काशन गर्न **मिति २०७८।०१।१३ को अन्नपूर्ण पोष्टमा आह्वानपत्र प्रकाशित गरिसकिएको** छ जस अनुसार **निष्काशन खुल्ला हुने मिति २०७८।०१।२१**, **निष्काशन बन्द हुने मिति छिटोमा २०७८।०२।०४** र **निष्काशन बन्द हुने मिति ढिलोमा २०७८।०२।२०** राखिएको छ। यस समुह अन्तर्गतको स्थानीय बासिन्दाहरुले **न्यूनतम ५० कित्ता** तथा **अधिकतम ४०० कित्ता**सम्मको लागि दरखास्त दिन पाउने छन्।

स्थानीय बासिन्दाहरुको निष्कासन तथा विक्री खुल्ला गरिदा निम्नानुसारका संकलन केन्द्रहरुबाट दरखास्त बुझिने ब्यवस्था मिलाइएको व्यहोरा अनुरोध छ :

**संकलन केन्द्रहरु**

**सिन्धुपाल्चोक जिल्लाभित्र:**

१. ग्लोबल आइएमई बैंक लिमिटेड, साँगाचोकगढी न.पा. ५, चौतारा।
२. ग्लोबल आइएमई बैंक लिमिटेड, बाह्रबिसे न.पा.९, बाह्रबिसे।
३. लक्ष्मी बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा. ५,चौतारा।
४. लक्ष्मी बैंक लिमिटेड, लिसंखुपाखर गा.पा. ७, ठुलोपाखर।
५. लक्ष्मी बैंक लिमिटेड, सुनकोशी गा.पा. ७, खाडीचौर बजार।
६. लक्ष्मी बैंक लिमिटेड, मेलम्ची न.पा. ११, मेलम्ची।
७. मेगा बैंक नेपाल लिमिटेड, चौतारा साँगाचोकगढी न.पा. ६, चौतारा ।
८. मेगा बैंक नेपाल लिमिटेड, हेलम्बु गा.पा. २, हेलम्बु।
९. मेगा बैंक नेपाल लिमिटेड, इन्द्रावती गा.पा. ४, इन्द्रावती।
१०. मेगा बैंक नेपाल लिमिटेड, पाँचपोखरी थनपाल गा.पा. ६, पाँचपोखरी।
११. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., बाह्रबिसे न.पा. ६, बाह्रबिसे।
१२. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., चौतारा साँगाचोकगढी न.पा. ८, चौतारा।
१३. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., जुगल गा.पा. ५, जुगल।
१४. सिन्धु विकास बैंक लिमिटेड, बाह्रबिसे न.पा. ८, बाह्रबिसे ।
१५. सिन्धु विकास बैंक लिमिटेड, बलेफी गा.पा. ७, खाडीचौर।
१६. सिन्धु विकास बैंक लिमिटेड, बलेफी गा.पा. १, ज लवीरे।
१७. सिन्धु विकास बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा १०, सुकुटे।
१८. सिन्धु विकास बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा ५, चौतारा।
१९. सिन्धु विकास बैंक लिमिटेड, मेलम्ची न.पा. ११, मेलम्ची।
२०. सिन्धु विकास बैंक लिमिटेड, सुनकोशी गा.पा. १, ठोकर्पा ।
२१. सिन्धु विकास बैंक लिमिटेड, लिसखुंपाखर गा.पा. ५, मुढे,।
२२. सिन्धु विकास बैंक लिमिटेड, लिसखुंपाखर गा.पा. ५, सिलढुंगा।
२३. नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, त्रिपुरासुन्दरी गा.पा. ४, पिसकर।
२४. सिभिल बैंक लिमिटेड, मेलम्ची न.पा. ११, मेलम्ची।
२५. सिभिल बैंक लिमिटेड, बाह्रबिसे न.पा. ४, बाह्रबिसे।
२६. प्रभु बैंक लिमिटेड, बाह्रबिसे न.पा. ९, बाह्रबिसे।
२७. नेपाल बंगलादेश बैंक लिमिटेड, भोटेकोशी गा.पा. ४, तातोपानी।
२८. नेपाल बंगलादेश बैंक लिमिटेड, बाह्रबिसे न.पा. ९, बाह्रबिसे।
२९. कुमारी बैंक लिमिटेड, मेलम्ची न.पा. ११, मेलम्ची।
३०. कुमारी बैंक लिमिटेड, बलेफी गा.पा. १, जलवीरे।
३१. कुमारी बैंक लिमिटेड, चौतारा साँगाचोकगढी न.पा. १०, चौतारा।
३२. बैंक अफ काठमाण्डू लिमिटेड, सुनकोशी गा.पा. ३, तातोपानी।
३३. एनआईसी एशिया बैंक लिमिटेड, बलेफी गा.पा. ७, खाडीचौर।
३४. एनआईसी एशिया बैंक लिमिटेड, बलेफी गा.पा. ५, बलेफी बजार।
*३५. माछापुछ्रे बैंक लि., तातोपानी, सिन्धुपाल्चोक । (प्रस्तावित)*
*३६. महालक्ष्मी विकास बैंक लि., खाडीचौर, सिन्धुपाल्चोक । (प्रस्तावित)*

**(ख) काठमाण्डौं उपत्यकाभित्र*:**

१. ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाण्डौं।
२. एनआइविएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौ.।
३. प्रभु क्यापिटल लि., कमलादी, काठमाण्डौं।
४. सानिमा क्यापिटल लि., पुतलीसडक, काठमाण्डौं।
५. लक्ष्मी क्यापिटल मार्केट लि., नयाँ बानेश्वर, काठमाण्डौं।
६. सिभिल क्यापिटल मार्केट लि., सुन्धारा, काठमाण्डौं।
७. सिविआइएल क्यापिटल लि., डिल्लीबजार, काठमाण्डौं।

***उपरोक्त संकलन केन्द्रहरुमा चेकमात्र बुझिलिने व्यवस्था गरिएको छ।**

साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५।१०।०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियबासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फतसमेत आवेदन दिन सक्नेछन्।

**शेयर आवेदनको क्रममा आवेदकहरूलाई सहजता प्रदान गर्नको निमित्त संकलन केन्द्रहरुमा दुई थरीको आवेदन फारमको व्यवस्था गरिएको छ। सिन्धुपाल्चोक जिल्लाका आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि रातो मसीको अक्षर भएको आवेदन फारमको व्यवस्था गरिएको छ भने सिन्धुपाल्चोक जिल्लाका अन्य क्षेत्रका बासिन्दाहरुको लागि कालो मसीको अक्षर भएको आवेदन फारमको व्यवस्था गरिएको छ।**

त्यसैगरी, यस निष्काशनको क्रममा निम्नानुसारका व्यक्तिहरुलाई सम्पर्क व्यक्ति तोकिएको छ:

**सम्पर्क व्यक्तिहरु**

१. निष्कासनकर्ता कम्पनीको तर्फबाट श्री कमल प्रसाद पण्डित (फोन नं.: ४७२१६४१/६४२)
२. निष्कासन तथा विक्री प्रवन्धकको तर्फबाट श्री नलिना श्रेष्ठ (फोन नं.: ४५४५६४९)
३. सह निष्कासन तथा विक्री प्रबन्धकहरुको तर्फबाट
क. प्रभु क्यापिटल लि., श्री बासु थपलिया (फोन नं.: ४२२२९८७)
ख. सिभिल क्यापिटल मार्केट लि., श्री मणि राज काफ्ले (फोन नं.: ९८४१३६१८७५)
ग. लक्ष्मी क्यापिटल मार्केट लि., श्री ईसा श्रेष्ठ (फोन नं.: ४७८०२२२)
घ. सिविआईएल क्यापिटल लि., श्री शान्ति पुडासैनी (फोन नं.:९८४११९०७००)
ङ. सानिमा क्यापिटल लि., श्री रश्मी रिजाल (फोन नं.: ४२२९१२४)
च. एनआईविएल एस क्यापिटल लि., श्री समिक्षा नेपाल (फोन नं.: ४४२५२८०)

यस निष्काशनअन्तर्गत सिन्धुपाल्चोक जिल्लाका स्थानीयहरुले शेयरको लागि आवेदन दिँदा संलग्न गर्नुपर्ने कागजातहरु निम्नानुसार रहेको छ:

**क. सिन्धुपाल्चोक जिल्लाबाट जारी भएको नागरिकता प्रमाणपत्र लिने आवेदकको हकमा**

१. आयोजना प्रभावित क्षेत्रको बासिन्दा भएको प्रमाणित हुने नागरिकता प्रमाणपत्रको प्रतिलिपि (प्रतिलिपिमा स्वयंले दस्तखत गरेको हुनुपर्ने)।

२. नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र तथा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

**ख. अन्य जिल्लाबाट स्थानीय बासिन्दाको रुपमा आयोजना प्रभावित क्षेत्र/सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बसोबास गर्ने आवेदकको हकमा**

१. अन्य जिल्लाबाट सिन्धुपाल्चोक जिल्लामा विवाह सम्बन्ध कायम भई आउने महिलाको हकमा निजको नागरिकता प्रमाणपत्र र विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि (विवाह दर्ता प्रमाणपत्रमा निजको पति सिन्धुपाल्चोक जिल्लाको बासिन्दा रहेको व्यहोरा खुल्नुपर्ने वा निजको पतिले सिन्धुपाल्चोक जिल्लाबाट लिएको नागरिकता नम्बर उल्लेख भएको हुनुपर्ने)।

२. अन्य जिल्लाबाट सिन्धुपाल्चोक जिल्लामा बसाई सराई गरी आउनेको हकमा आह्वानपत्र प्रकाशन (आह्वानपत्र प्रकाशन भएको मिति २०७८।०१।१३ गते) हुनुभन्दा अगावै बसाई सराई गरी आएको प्रमाण खुल्ने स्थानीय तहले लेखेको पत्र र नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरु तथा सिन्धुपाल्चोक जिल्लाको अन्य क्षेत्रमा बस्ने बासिन्दाहरुले यस निष्काशनमा आवेदन दिन हितग्राही खाता आवश्यक नभए पनि हितग्राही खाता खोलेमा शेयरको लागि आवेदन गर्न सहज हुने र भविष्यमा निष्काशन हुने अन्य कुनै पनि कम्पनीको शेयर आवेदन गर्न सकिने भएकोले यथासक्य छिटो आफूलाई पायक पनि कुनै पनि आस्वा सदस्यता प्राप्त बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुमा गई हितग्राही खाता खोली आफूलाई शेयर आवेदन गर्न पाउने हकबाट वञ्चित नगर्नु हुन स्थानीय सबैलाई यसै विज्ञप्ति मार्फत अनुरोध गर्दछौं।

हितग्राही खाता खोल्दा सम्बन्धित आस्बा सदस्य बैंक तथा वित्तीय संस्थाले उपलव्ध गराएको फारम रितपूर्वक भर्नु पर्ने र देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्ने हुन्छ:

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२. नाबालकको हकमा जन्म दर्ता प्रमाणपत्र तथा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

३. हालसालै खिचिएको फोटो एक (१) वटा,

४. नाबालकको हकका नाबालकको पासपोर्ट साइजनको फोटो एक (१) थान,

५. बैंक खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्बर,

६. कर कार्यालयबाट पान नं. लिएको भए पान नं.,

७. घरमै बसेर शेयर विवरण हेर्ने प्रयोजनको लागि "मेरो शेयर" को रितपूर्वक भरिएको आवेदन,

८. तोकिए बमोजिमको शुल्क।

हितग्राही खाता खोल्दा निम्नानुसारका फाइदाहरु हुने छन्:

क. प्राथमिक शेयर निष्काशनमा परेका शेयरहरु स्वत हितग्राही खातामा आउने,

ख. एक चोटी खोलिएको हितग्राही खाताले नयाँ निष्काशनहरुमा पनि आवेदन दिन मिल्ने,

ग. शेयर अभौतिकिकरणमा लाग्ने समय र श्रमको बचत हुने,

घ. अभौतिक शेयरहरु बेच्न सजिलो र छिटो हुने,

ङ. अभौतिक शेयरहरु हराउने, च्यातिने वा चोरी नहुने,

च. हितग्राही खातामा उल्लेख भएको बैंक खाता सही भएमा प्राथमिक शेयर निष्काशनको बाडफाँट पछि नपरेको शेयरहरुको रकम उक्त बैंक खातामा सोझैं जम्मा हुने।

यस द्वितीय चरणमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि क्रेडिट रेटिङ्ग संस्था **केयर रेटिङ नेपाल लि.** कमलादी, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति डिसेम्बर ०३, २०२० (मिति २०७७।०८।१८) गते **"[CARE-NP BB (Is) Double B (Issuer)]"** प्रमाणपत्र प्राप्त गरेको छ। जसले कम्पनीको दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ।

आयोजनाको अद्यावधिक लागत अनुमानको रकम रु.१५ अर्ब ०३ करोड ०२ लाखको ९० हजार आधारमा २०७७ चैत्र मसान्तसम्म निर्माण अवधिको ब्याजबाहेक रकम रु. ८ अर्ब २६ करोड ५ लाख २९ हजार ३९ रुपैया खर्च भएको छ। सो अनुसार आयोजनाको वित्तीय प्रगति प्रतिशत ५४.९६% रहेको। साथै, **आयोजनाको भौतिक प्रगति समग्रमा ७०% रहेको छ।**

आयोजनाबाट वार्षिकरुपमा ५४ करोड २० लाख युनिट विद्युत उत्पादन हुनेछ। प्राधिकरणले आयोजनाको विद्युत हिउँद र वर्षायाममा प्रतियुनिट क्रमशः रु ८.४० र ४.८० मा खरिद गर्नेछ। यसबाट कम्पनीलाई **वार्षिक २ अर्ब ९० करोड रुपैयाँ आम्दानी** हुनेछ।

अन्त्यमा, निर्माणाधीन आयोजना हालको अनुमानित लागत र समयमै सम्पन्न गर्न कम्पनी प्रतिबद्ध रहेको जानकारी गराउँदछु। आयोजनाको सफल कार्यान्वयनबाट स्थानीय सहभागितामा जलविद्युत आयोजनाको निर्माण सहज हुने विश्वासका साथ नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार लगायतका सरकारी निकाय तथा संगठित संस्था, निजी क्षेत्र, सर्वसाधारण तथा कर्मचारीको प्रत्यक्ष सहभागितामा नेपालको जलविद्युत क्षेत्रको विकासका लागि सार्वजनिक-निजी-जनता साझेदारीको अवधारणा एउटा कोशेढुंगा साबित हुने अपेक्षा गरिएको छ।

आयोजनाको सफल कार्यान्वयनका लागि पत्रकार तथा संचार माध्यमबाट निरन्तररुपमा प्राप्त भइरहेको सहयोगका लागि विशेष धन्यवाद दिँदै आगामी दिनमा पनि यस्तै सहयोग प्राप्त भइरहने छ भन्ने अपेक्षा गरेका छौं।

**राम गोपाल शिवाकोटी**
**प्रमुख कार्यकारी अधिकृत, मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.।**
मितिः २०७८।०१।१५ गते, बुधबार।